# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८३।०४।०७ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सर्लाही, बागमती नगरपालिकाबाट मिति २०७८/०८/२६ (डिसेम्बर १२, २०२१) मा प्रकाशित Contract ID No.: BM/WORKS/NCB/01/2078/079; Construction of Bagmati Municipal Park with resort Phase II को ठेक्का प्रक्रियामा प्रतिस्पर्धालाई सीमित गर्ने गरी बोलपत्रको मूल्याङ्कनको आधारहरू राखिएको तथा जिल्ला सर्लाही, बागमती नगरपालिका स्थित ठेक्का नं. BM/NCB/09/2076/077, Construction of Municipal Park with Resort र ठेक्का नं. BM/WORKS/NCB/01/2078/079, Construction of Bagmati Municipal Park with Resort Phase II को निर्माण कार्य समयमा सम्पन्न नगरी अनियमितता भएको भन्नेसमेत बेहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा बागमती नगरपालिका, सर्लाहीबाट बागमती फनपार्क एण्ड रिसोर्ट आयोजनाको लागि आर्थिक वर्ष २०७६/०७७ मा वडा नं. ११ स्थितमा परामर्शदाता मार्फत Building and Structures, Park and other components, Interior and Furnishing works and Statues Cultural Components को लागि कन्टिन्जेन्सी र मु.अ.कर सहित रू.२७,५६,७१,०४७/८८ (सत्ताईस करोड छपन्न लाख एकहत्तर हजार सतचालीस रूपैयाँ र पैसा अठासी) को लागत सहितको डी.पी.आर. तयार गरेको देखिएको, परामर्शदाताबाट तयार भएको उक्त विस्तृत आयोजना प्रतिवेदनलाई नगर विकास कोषले Review गरी कोषको Investment Guidelines बमोजिम Project Appraisal तयार गरी उक्त आयोजना Technically, Environmentally र Financially Feasbilbe रहेको देखिएकोले बागमती नगरपालिकालाई २ (दुई) वर्ष सहुलियत अवधि सहित २० वर्ष ऋण भुक्तानी अवधी कायम गरी कुल आयोजनाको लागत रकम रू.२३,९९,१९,०००/- (तेइस करोड उनान्सय लाख उन्नाइस हजार) को ५०% हुने रकम रू.११,९९,५९,५००/- (एघार करोड उनान्सय लाख उनन्साठी हजार पाँच सय) कोषले व्यहोर्ने गरी ऋण लगानी गरेको देखिएको, सोही बमोजिम बागमती नगरपालिकाले ठेक्का आव्हान गरी ठेक्का नं. BM/NCB/09/2076/077 को लागि लागत अनुमान भन्दा २४.५% घटीमा निर्माण व्यवसायी श्री गौरी पार्वती-सुनकोशी-धुलिखेल जे.भी., बानेश्वर-१०, काठमाडौंसँग ठेक्का सम्झौता गरेको देखिएको, उक्त पहिलो चरणको ठेक्कामा डी.पी.आर.ले परिकल्पनानै नगरेको तथा लागत अनुमानमा नरहेको बागमती नदीको तटीय क्षेत्रतर्फ RCC Counterfort Retaining Wall Propose गरी निर्माण कार्य गरेको, पहिलो चरण अन्तर्गतको निर्माण कार्य निर्माणाधीन रहेको अवस्थामा बागमती नगरपालिका, सर्लाहीबाट आर्थिक वर्ष २०७८।०७९ मा बागमती फन पार्क एण्ड रिसोर्ट निर्माण आयोजनाको दोस्रो चरणको लागि भनी परामर्शदाता Build and Serve Engineering Pvt. Ltd., Koteshwar, Kathmandu मार्फत बागमती फनपार्क एण्ड रिसोर्ट आयोजना अन्तर्गतको लागि “Masterplan as well as Architectural and Engineering (A/E) Design of Bagmati Municipal Park Resort and Sumeru Parbat with Shiva Parbati at Bharat Taal” तयार गरे गराएको, बागमती नगरपालिकाले उक्त पहिलो चरणमा तयार भई सोही बमोजिम नगर विकास कोषबाट ऋण प्रवाह भएको डी.पी.आर.लाई नै मूल डी.पी.आर. मानी ठेक्का मार्फत निर्माण कार्य सुरू गरिसकेको अवस्थामा निर्माणाधीन आयोजनामा पहिलो चरणमा निर्माण भएको संरचनाको सुरक्षा गर्ने मूलभूत उदेश्यले थप कार्यको लागि भनी परामर्शदाता मार्फत पुनः अध्ययन गराई नयाँ ठेक्का मार्फत दोस्रो चरणको लागि निर्माण कार्य गरे गराएको, उक्त दोस्रो चरणको डी.पी.आर. लाई स्वीकृत गरी जटिल मूल्याङ्कनको शर्तहरू सहित ठेक्का आव्हान गर्ने निर्णय तत्कालीन नगर प्रमुख भरत कुमार थापाको अध्यक्षतामा बसेको मिति २०७८।०८।२५ को नगर कार्यपालिकाको बैठकबाट भएको देखिएको,

नगरपालिकाबाट बागमती फन पार्क एण्ड रिसोर्ट निर्माण आयोजनाको पहिलो चरणको लागि परामर्शदाताले डी.पी.आर. तयार गर्दा बागमती सिँचाई आयोजनाको Upstream तर्फ विज्ञहरू सहितको Hydrologist तथा Geologist बाट निर्माण हुने क्षेत्रमा भू-बनोट तथा जोखिम बिश्लेषण गरी संरचनाहरू निर्माणको लागि आयोजना स्थलको छनोट गरेको देखिएको, पहिलो चरणको परामर्शदाताबाट आयोजना स्थलको छनौट गर्दा वर्षौंदेखि Stable भएर बसेको जमिन तथा बागमती नदिको बहावले कुनै क्षति पुग्न नसक्ने बागमती सिँचाई आयोजनाको Design Level करिब ४-६ मिटर सम्म माथि रहेको Hard Rock सहितको Bed Formation भएर बसेको स्थानलाई छनौट गरेको र सो स्थानमा थप Retaining Structures को आवश्यकता नपर्ने भनी परामर्शदाताको अध्ययनबाट देखिएको तथा Protection Structure को लागि थप खर्च गर्दा उक्त आयोजना Financially Viable समेत नदेखिने भएकोले उक्त पहिलो चरणको डी.पी.आर. तयार गर्दा मूल डी.पी.आर.को रूपमा तयार गरी प्रस्ताव गरेको संरचनाहरूलाई सुरक्षा गर्न थप कार्यको लागि डी.पी.आर. गर्नुपर्ने अवस्था नरहेको, नगरपालिकाबाट पहिलो चरणको मूल डी.पी.आर. हुँदाहुँदै उक्त डी.पी.आर.लाई कुनै पनि Review नगरी नयाँ परामर्शदाताबाट उक्त दोस्रो चरणको लागि डी.पी.आर. तयार गर्दा भू-बनोट विश्लेषण, आयोजनाको जोखिम विश्लेषण, लागत बमोजिमको प्रतिफलको सुनिश्चितता तथा आवश्यकताको पहिचान लगायत लागत बमोजिमको प्रतिफलको कुनै पनि अध्ययन तथा विश्लेषण नगरेको देखिएको, आर्थिक वर्ष २०७८/०७९ मा उक्त आयोजनाको लागि कुल रू.११ करोड मात्र विनियोजन भएको अवस्थामा बामगती नगरपालिकाबाट दोस्रो फेजको लागि रू.४२,६८,२९,९८९/- (बयालीस करोड अढसठी लाख उनन्तिस हजार नौ सय उनानब्बे) (मु.अ.कर र कन्टिनजेन्सी सहित) तथा रू.३३,६३,८९,५५७/९७ (तेत्तीस करोड त्रिसठी लाख उनानब्बे हजार पाँच सय सन्ताउन्न रूपैयाँ र पैसा सन्तानब्बे) (मु.अ.कर र कन्टिनजेन्सी बाहेक) रकमको लागत अनुमान तयार गरी ठेक्का नं. BM/WORKS/NCB/01/2078/079 को लागि लागत अनुमान भन्दा ०.६०% घटीमा रू.३७,८०,६९,२३०/४५ (सैंतीस करोड असी लाख उनन्सत्तरी हजार दुई सय तीस रूपैयाँ र पैसा पैंतालिस) (मु.अ.कर सहित) रकममा निर्माण व्यवसायी श्री बिकोई-धुलिखेल जे.भी., बानेश्वर-१०, काठमाडौंसँग सम्झौता भएको देखिएको, उक्त दोस्रो चरणको ठेक्का आव्हान गर्दा बागमती नगरपालिका, सर्लाहीले नगर कार्यपालिकाको बैठकबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८२ को (२) (ट) विपरीत जनप्रतिनिधिहरूसँग असम्बन्धित सार्वजनिक खरिदको विषयमा नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरूबाट कानुन विपरीतका मूल्याङ्कनका आधारहरू स्वीकृत गरे गराएको देखिएको, दोस्रो चरणको ठेक्कामार्फत उक्त पहिलो फेज अन्तर्गत निर्माणाधीन स्थानमा बागमती नदीको तटमा Shear Wall, विभिन्न Retaining Structure हरू, Amphitheater, Shop Building etc. लगायतका संरचनाहरू निर्माण हुने गरी सम्झौता भएको, बागमती नगरपालिकाबाट थप कार्यको लागि दोस्रो डी.पी.आर. गर्नुपूर्व सुरू अवस्थामा तयार भएको डी.पी.आर.लाई कुनै पनि Review तथा Discussion गराएको देखिँदैन। दोस्रो चरणको डी.पी.आर.मा मुख्यतः पहिलो मूल डी.पी.आर.मा परिकल्पना नै नगरिएको तथा लागत अनुमानमा नै नभएको बागमती नदीको तटीय क्षेत्रतर्फ Counterfort Retaining Wall (Shear Wall) निर्माण गर्ने कार्यलाई Main Priority दिई लागत अनुमान तयार गरी गराई जटिल मूल्याङ्कनको शर्तहरू समेत बोलपत्र सम्बन्धी कागजातमा राखी ठेक्का आव्हान गरे गराएको, नगरपालिकाबाट बदनियत राखी उक्त दोस्रो चरणको डी.पी.आर. तयार गर्दा नै परामर्शदातालाई मूल डी.पी.आर. बमोजिमको कार्यहरूको जानकारी नै नदिई पहिलो चरणको निर्माण व्यवसायीलाई फाइदा हुने गरी मूल डी.पी.आर.ले आवश्यकता नै नठानेको पहिलो चरणमा निर्माणाधीन रहेको संरचनाहरूको सुरक्षाको लागि मूल डी.पी.आर. ले आवश्यकता नठानेको अवस्थामा पालिकालाई थप आर्थिक दायित्व पर्ने गरी संरचनाहरू राख्न लगाएको, प्रतिवादीहरूले बदनियत राखी पहिलो चरणको डी.पी.आर. बमोजिम निर्माणाधीन संरचनाहरूलाई आवश्यकता तथा औचित्य नै नभई मूल डी.पी.आर.ले परिकल्पना नै नगरेको पहिलो चरणबाट रू.२१,०३,२९,१८६/०२ (एक्काइस करोड तीन लाख उनन्तीस हजार एक सय छयासी रूपैयाँ र पैसा दुई) को निर्माणाधीन संरचनाहरूलाई सुरक्षा गर्ने भन्ने बाहनाबाजी बनाई सरकारी सम्पत्तिको आफूअनुकूल खर्च गरी गराई

गैरकानूनी लाभ लिने दिने उद्देश्यले दोस्रो चरणको लागि डी.पी.आर. तयार गरी गराई रू.३९,३९,६६,३३३/१३ (उनन्चालीस करोड उनन्चालीस लाख छ्यासठ्ठी हजार तीन सय तेत्तीस रूपैयाँ र पैसा तेह्र) रकम बराबरको खर्च व्ययभार हुने गरी कार्य गरे गराएको देखिंदा प्रतिवादीहरूले बदनियतपूर्ण कार्य गरी गराई मिलेमतोमा बागमती फन पार्क एण्ड रिसोर्ट निर्माण आयोजना अन्तर्गत पहिलो चरणको मूल डी.पी.आर. ले परिकल्पना नै नगरेको तथा आयोजनाको आवश्यकताको पहिचान नगरी नगराई प्रतिफलको सुनिश्चितता बिना नै Financially Viable नै नहुने गरी पहिलो चरणको ठेक्काको निर्माण कार्य गरिरहेको निर्माण व्यवसायीलाई फाइदा हुने गरी थप निर्माण कार्यहरुलाई समावेश गरी दोस्रो चरणको लागि भनी डी.पी.आर. तयार गरे गराएको, सोही बमोजिम नगर कार्यपालिकाको बैठकबाट बजेट तथा स्रोतको सुनिश्चितता नभई दोस्रो चरणको लागि भनी लागत अनुमान स्वीकृत गरे गराएको, उक्त ठेक्कामा सिमित निर्माण व्यवसायीलाई मात्र फाइदा पुग्न सक्ने गरी पहिलो चरणको निर्माण गर्ने निर्माण व्यवसायीलाई Favorable हुने गरी प्रतिस्पर्धालाई सिमित गर्न जटिल मूल्याङ्कनको आधार तयार गरेको, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८२ को (२) (ट) विपरीत जनप्रतिनिधिहरुसँग असम्बन्धित सार्वजनिक खरिदको विषयमा नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुबाट कानुन विपरीतका मूल्याङ्कनका आधारहरु स्वीकृत गरे गराएको, निर्माण व्यवसायीसँग मिलेमतो गरी निजलाई अनुकुल हुने गरी धुलिखेल निर्माण सेवा प्रा.लि.सँग कार्यानुभव भएको Criteria हरु राखी ठेक्काको मूलभूत उदेश्य भन्दा बाहिर रही Sub Contracting/Out Sourcing बाट समेत कार्य गराउन सकिने Criteria माग गरी प्रतिस्पर्धालाई संकुचन हुने गरी गलत मनासय राखी ठेक्का आव्हान गरेको, उपरोक्त ठेक्कामा बोलपत्रदाता बिकोई/ धुलिखेल जे.भी. तथा आधिकारिक प्रतिनिधि युवराज पोखरेलले जटिल मूल्याङ्कनको आधारहरु मध्ये Street Light को लागि सार्वजनिक निकायमा फर्जी तथा झुट्टा कागजात पेस गरी वदनियतपूर्ण तरिकाले बोलपत्रको मूल्याङ्कनमा सफल भई सम्झौता गरी बदनियतपूर्वक बागमती फन पार्क एण्ड रिसोर्ट निर्माण आयोजना अन्तर्गतको दोस्रो चरणको लागि भनी प्रदेश सरकार समेतबाट लगानी भएको कुल जम्मा रू.३९,३९,६६,३३३/१३ (उनन्चालीस करोड उनन्चालीस लाख छ्यासठ्ठी हजार तीन सय तेत्तीस रूपैयाँ र पैसा तेह्र) रकम बराबरको आफ्नो जिम्मामा रहेको सार्वजनिक सम्पत्तिको हिनामिना हानिनोक्सानी, दुरूपयोग गरेको हुँदा प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गतको कसुरजन्य कार्य भएकोले उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत,काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| क्रस | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | मधेश प्रदेश सरकार, अर्थ मन्त्रालय, जनकपुरधामका तत्कालीन मन्त्री **शैलेन्द्र प्रसाद साह** | रू.३५,००,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. पैंतीस करोड रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन।<br>साथै, भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ (भ्रष्टाचार कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| २. | मधेश प्रदेश सरकार, अर्थ मन्त्रालय, जनकपुरधामका तत्कालीन सचिव **गजेन्द्र कुमार ठाकुर** | रू.३५,००,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. पैंतीस करोड रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन।<br>साथै, भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ (भ्रष्टाचार कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | बागमती नगरपालिका, सर्लाहीका तत्कालीन नगर प्रमुख **भरत कुमार थापा** | रू.३९,३९,६६,३३३/१३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. उनन्चालीस करोड उनन्चालीस लाख छ्यासठ्ठी हजार तीन सय तेत्तीस रूपैयाँ र पैसा तेह्र कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन।<br>भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ (भ्रष्टाचार कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | बागमती नगरपालिका, सर्लाहीका तत्कालीन नगर उप प्रमुख लीला कुमारी मोक्तान भन्ने **लीला कुमारी मुक्तान** | रू.३९,३९,६६,३३३/१३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. उनन्चालीस करोड उनन्चालीस लाख छ्यासठ्ठी हजार तीन सय तेत्तीस रूपैयाँ र पैसा तेह्र कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | बागमती नगरपालिका, सर्लाहीका तत्कालीन | रू.३९,३९,६६,३३३/१३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. उनन्चालीस करोड उनन्चालीस लाख |

| | | | |
|---|---|---|---|
| | प्रमुख प्रशासकीय अधिकृत **विमल कुमार पोखरेल** | | छ्यासठ्ठी हजार तीन सय तेत्तीस रूपैयाँ र पैसा तेह्र कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ६. | मधेश प्रदेश सरकार, अर्थ मन्त्रालय, जनकपुरधामका तत्कालीन उपसचिव **उद्धवराज न्यौपाने** | रू.२०,००,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. बीस करोड रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ७. | बिकोई/धुलिखेल जे.भी,, बानेश्वर-१०, काठमाडौं र उक्त जे.भी.का आधिकारिक प्रतिनिधि **युवराज पोखरेल** | रू.३९,३९,६६,३३३/१३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रू. उनन्चालीस करोड उनन्चालीस लाख छ्यासठ्ठी हजार तीन सय तेत्तीस रूपैयाँ र पैसा तेह्र कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने